# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, नेपाल**

**प. सं.**

च. नं. मिति: २०८० /०५/०३

**सूचना !!**

**काठमाडौ महानगरपालिका नगरकार्यपालिकाको श्रम बैंकमा आबद्ध हुने बारेको सूचना !**

काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा महानगर स्वर्णिम योजना अन्तरगत श्रम बैंक योजना सञ्चालन गर्ने नीति रहेको छ । सामाजिक विकास, पूर्वाधार निर्माण, मर्मत सम्भार, सम्पदा संरक्षण, वातावरण संरक्षण, सहरी सुव्यवस्था कायम गराउने सम्बन्धमा महानगरपालिकालाई आवश्यक पर्ने श्रमशक्तिको आपूर्तिलाई निरन्तरता दिन तथा सूचिकृत जनशक्तिलाई अन्य सरकारी, गैरसरकारी तथा निजि क्षेत्रमा समेत उपलव्ध गराउन सम्बन्ध सेतुको काम महानगरपालिकाले गरी वेरोजगार तथा रोजगारीमा रहेका श्रम शक्तिलाई रोजगारीमा पहुँच बढाउने, श्रम संस्कृतिको विकास गर्ने तथा हाल भइ रहेको वैदेशिक रोजगारीमा युवा श्रमशक्तिको पलायनलाई रोकथाम गराउने यस परियोजनाको मुख्य लक्ष्य रहेको छ ।

यसै उद्देश्य अनुरुप महानगरपालिका क्षेत्रभरी चालु आर्थिक वर्षको लागि माथि उल्लेखित कार्यहरुमा श्रम गर्न इच्छुक ब्यक्तिहरुले तोकिएको फाराम (अनुसूचि-१) www.kathmandu.gov.np बाट download गरेर आवश्यक विवरणभरी आफू बसेको वडा कार्यालय वा महानगरपालिकाको रोजगार सेवाकेन्द्रमा आवेदन पेश गर्न अनुरोध गरिन्छ। साथै काठमाडौँ महानगरपालिकाले चालु आर्थिक वर्षमापटके वा दैनिक ज्यालादारीमा काममा लगाउँदा स्वीकृत दर रेटका आधारमापारिश्रमिक पाउने गरी काठमाडौमहानगरपालिकावासीलाई विशेष प्राथमिकतामा राखी श्रमशक्तिको उपयोग गरिनेछ र आ व ०८०/८१ मा महानगरका लागि आवश्यक श्रमशक्ति दैनिक ज्यालादारी वा पटकेमा लिंदा यसै सूचिकरण बमोजिम मात्र लिइने व्यहोरा समेत जानकारी गराईन्छ|


**सम्पर्क ठेगाना:**

काठमाडौ महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

रोजगार सेवा केन्द्र, काठमाडौँ प्लाजा, कमलादी, काठमाडौं